"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

प.सं.
च.नं. ६०७७

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

मितिः २०७७/०३/०२

विषयः जानकारी सम्बन्धमा।

श्री सम्पूर्ण विद्यालयहरु
दमक, झापा

प्रस्तुत विषयमा मिति २०७७/०३/०१ गते दमक नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा यस नगरपालिकाका नगर प्रमुख ज्यु, उप प्रमुख ज्यु, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ, शिक्षक सम्वद्ध पेशागत संघसंघठनका प्रतिनिधिहरु, PABSON, N-PABSON का पदाधिकारिहरुको उपस्थितिमा भएको वृहत छलफल तथा अन्तरक्रियाको निस्कर्ष अनुसार तपशिल वमोजिमका निर्देशन पालन गर्नु गराउनु हुन अनुरोध छ।

निर्देशन

१. मिति २०७७।०३।०१ गतेदेखि सबै विद्यालयहरुले आ-आफ्नो कार्यालय खोली सम्पुर्ण शिक्षक तथा कर्मचारी बोलाइ सरकारले तोकेको मापदण्ड वमोजिम दुरि कायम गरि कामकाजमा लगाउनु हुन।
२. शिक्षक तथा कर्मचारीको संख्या अधिक भई भिडभाड हुने भएमा आवश्यकता अनुसार १ भन्दा वढी सिफ्टमा उपस्थित भई कामकाज गर्ने व्यवस्था मिलाउनु हुन।
३. कोभिड-१९ को प्रकोप विद्यमान रहेको अवस्थामा विद्यार्थीको भर्ना तथा पठनपाठन कार्य हाललाई संचालन नगर्नु नगराउनु हुन।
४. कोभिड-१९ को प्रकोपलाई मध्यनजर गर्दै मापदण्ड वमोजिमको सतर्कता अपनाई उपयुक्त माध्यम छनोट गरि वालवालिकाहरुलाई पाठ्यपुस्तक वितरण गरि उक्त कार्यको अभिलेख अद्यावधिक गर्नुहुन।

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक–झापा

१ नं. प्रदेश, नेपाल

प.सं.

च.नं.

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३

फ्याक्स नं. ०२३-५८०१४६

www.damakmun.gov.np

info@damakmun.gov.np

५. शिक्षक कर्मचारीहरु विद्यालयमा उपस्थित भई तपसिल वमोजिमका शैक्षिक तथा प्रशासनिक कार्य गर्नु गराउनु हुन ।

क. विद्यालयको भौतिक विकास, मर्मत सम्भार, सरसफाई तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिने ।

ख. गत शैक्षिक सत्रको वार्षिक परीक्षामा विद्यार्थीले हासिल गरेको सिकाई उपलब्धी र नतिजाको विश्लेषण गर्ने ।

ग. आगामी शैक्षिक सत्रको लागि वार्षिक शैक्षणिक योजना निर्माण गर्ने ।

घ. आगामी शैक्षिक सत्रको लागि सिकाई सहजिकरणका निमित्त आवश्यक शैक्षिक सामाग्री निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने ।

ङ. शिक्षण सिकाइ सम्बद्ध नवीनतम् सीप तथा प्रविधिको ज्ञान हासिल गर्न क्रियाशिल रहने ।

च. सिकाई सहजीकरणका वैकल्पिक उपायहरु अवलम्बन गर्दै सिकाईलाई निरन्तरता प्रदान गर्ने ।

छ. विद्यालय-समुदाय बिचको सम्बन्धलाई क्रियासिल बनाउने ।

ज. वालवालिकासँगको सम्बन्धलाई निरन्तरता दिन तथा वालवालिकाको सिकाइ कार्यलाई सहजीकरण गर्न कक्षागत रुपमा सम्पर्क शिक्षक (Focal Teacher) तोकि जिम्मेवारी प्रदान गर्ने ।

झ. वालवालिका र विद्यालय विचको सम्बन्धलाई सक्रिय वनाई राख्न वालवालिकाको गतिविधिको नियमित निगरानी गरि आवश्यक परामर्श र उत्प्रेरणा प्रदान गर्ने ।

ञ. विद्यार्थीको घरलाई नै सिकाइ थलोको रुपमा विकास गराउने ।

ट. अन्य कुराहरु नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी गरिएको ***वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका,*** २०७७ बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने ।

यस परिपत्रबाट निर्देश गरिएका कार्यहरुको प्रगति विवरण अविलम्ब शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराउनु हुन समेत अनुरोध छ । माथि उल्लेखित कुनै कुरामा अस्पष्टता भएमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नु होला ।

वोधार्थ

श्री नगर प्रमुख ज्युको सचिवालय, दमक न.पा.

श्री नगर उप प्रमुख ज्युको सचिवालय, दमक न.पा.

दिनेश कुमार न्यौपाने

उप सचिव

दिनेशकुमार न्यौपाने

उपसचिव

अधिकृत: दशौं तह